# प्रेस बिज्ञप्ति - १७१

# Press Release-171

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौं
मिति: २०७३।०५।१२ गते ।

## लागुऔषध मुद्दाका फरार अभियुक्तहरू पक्राउ

लागु औषध नियन्त्रण ब्यूरोद्वारा निरन्तर सुराकी परिचालन, सूचना बिश्लेषण एवं निग्रानी स्वरुप निम्न ब्यक्तिहरू पक्राउ परेका छन्।

**निम्न:**

### १. TEODOVICH GONZALES PALO

उपरोक्त सम्बन्धमा नार्कोटिक्स कन्ट्रोल ब्यूरो भारतले मिति २०७३।०४।३२ मा नेपाल भारतको सिमाना चेकपोष्ट भारतको सुनौली मुख्य गेटमा भारतीय नागरीक वर्ष ४१ की Rose Kashung लाई ३ किलो १२५ ग्राम लागु औषध कोकिन सहित पक्राउ गरेको र निजलाई सोधपुछ तथा अनुसन्धान हुँदा निजले उक्त लागु औषध कोकिन मिति २०७३।०४।३१मा काठमाण्डौ सिटी होटलको रुम नं. २०१ मा बसेकी अपरिचित व्यक्तिबाट लिएको भनी खुलाइएकी हुँदा उक्त लागु औषध कोकेन दिने व्यक्तिको खोजतलास पहिचान गरी आवश्यक कारवाही हुन भन्ने नार्कोटिक्स कन्ट्रोल ब्यूरो नयाँ दिल्ली भारत ईमेल पत्र प्राप्त भए पश्चात निजको खोजतलास गर्दै जाँदा मिति २०७३।०५।०८ गते १६:०० बजे का.जि.का.म.न.पा. २९ ठमेल भगवतीमार्गमा रहेको काठमाण्डौ सिटी होटलमा उक्त शंकित बोलिभियाकी नागरीक पासपोर्ट नं. A 714432 वाहक वर्ष २१ की TEODOVICH GONZALES PAOLE लाई पक्राउ गरी लागू औषध नियन्त्रण ऐन २०३३ अनुसार मुद्धा दर्ता गरी आवश्यक अनुसन्धान कार्य भईरहेको।

निज बोलिभियन महिला ब्राजिल-ईथोपिया-नयां दिल्ली हुंदै मिति २०७३।०४।३२ गते नेपाल आएकी थिईन्।

### २. दिनेश बहादुर गुरुङ

जिल्ला धादिङ मार्पाक गा.बि.स वडा नं. ८ स्थाई ठेगाना भएका बर्ष ३४ का सेते तामाङ र दिनेश तामाङ भन्ने दिनेश बहादुर गुरुङलाई मिति २०७३।०५।१० गते का.जि.का.म.न.पा वडा नं. ४ नक्सालबाट पक्राउ गरीएको छ। निज पूर्ण बहादुर पाख्रिन तामाङ्ग सहितका प्रतिबादीहरु भएको लागू औषध एम्फेटामीन (ICE) मुद्दामा फरार रहेका थिए।

प्रतिबादी पुर्ण बहादुर पाख्रिनले जिल्ला धादिङ्ग सत्यदेवी गा.वि.स.वडा नं.८ राकचोक घर भई का.जि.टोखा नगरपालिका वडा नं.१५ डेरा गरी बस्ने बर्ष २६ को राहदानी नं. ०७४१८१३७ वाहक नेत्र गुरुङ्ग र सोही ठेगानाका बर्ष २१ को राहदानी नं. ०८४३२९९ वाहक चित्र तामाङ्ग मार्फत थाईल्याण्डबाट ल्याउन लगाएको अबैध लागू औषध एम्फेटामाइन ३०२ ग्राम मिति २०७२।१२।३० गते निज नेत्र गुरुङ्गको साथबाट बच्चाको खेलौना, सुटकेशको डन्डी, क्रिमको डब्वाहरुमा लुकाई छिपाई राखिएको अवस्थामा लागू औषध नियन्त्रण ब्यूरोले बरामद गरेको थियो।

उक्त बरामद लागु औषध हाल पक्राउ परेका प्रतिबादी दिनेश बहादुर गुरुङ समेतको संलग्नतामा झिकाईएको बयान प्रतिबादी पुर्ण बहादुर पाख्रिनले अनुसन्धानको क्रममा प्रहरी समक्ष दिएका थिए भने प्रतिबादी दिनेश बहादुर गुरुङ पछिल्लो समयमा बिभिन्न स्थानमा लुकिछिपी बस्दै आएका थिए।

निज प्रतिबादी दिनेशलाई आज मिति २०७३।०५।१२ गते सम्मानित जिल्ला अदालत काठमाण्डौमा दाखिला गरीएको छ।

• • •

फोन नं. ४६०१०४८/फ्याक्स नं. ४६०१९७८, ईमेल: ncbnepal@gmail.com

# प्रेस बिज्ञप्ति - १७०

# Press Release-170

लागु औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर काठमाण्डौ
मिति: २०७३।०५।०१ गते ।

## अष्ट्रेलियामा लागु औषध मेथएम्फेटामीन (Methamphetamine) पठाउने अभियुक्तहरु पक्राउ:

लागु औषध नियन्त्रण ब्यूरोद्वारा लामो समय देखिको सुराकी परिचालन, सूचना बिश्लेषण एवं निग्रानी पश्चात अष्ट्रेलियामा लागु औषध मेथएम्फेटामाईन (Methamphetamine) पठाउने निम्न ब्यक्तिहरू पक्राउ परेका छन्।

**निम्न:**

**३. प्रभाकर खनाल**

नुवाकोट जिल्ला नर्जामण्डप गा.बि.स.वडा नं.–१ स्थायी घर भई हाल का.जि.तार्केश्वर न.पा.वडा नं.२० बस्ने बर्ष २४ को प्रभाकर खनाललाई मिति २०७३-०४-३२ गते १४:०० बजेको समयमा का.जि.का.म.न.पा.-३१ पुरानो बसपार्कबाट पक्राउ गरीएको छ।

**४. प्रदिप कुमार अधिकारी**

जिल्ला नुवाकोट नर्जामण्डप गा.बि.स.वडा नं.–२ स्थायी ठेगाना भई का.जि.बालाजु बस्ने बर्ष २५ को प्रदिप कुमार अधिकारीलाई मिति २०७३-०४-३२ गते १८०० बजेको समयमा का.जि.टोखा न.पा.वडा नं.–१० बसुन्धारा चोकबाट पक्राउ गरीएको छ।

अष्ट्रेलियन फेड्रल पुलिसले मिति २०७२ फाल्गुन २८ गते Australia को 2/17 Free Street, New Market बाट बर्ष २१ का नेपाली नागरिक युनिस श्रेष्ठसंग रहेको ४ के.जि मेथएम्फेटामीन(Methamphetamine) बरामद गरेको थियो। निजले अष्ट्रेलियन फेड्रल पुलिसलाई दिएको बयान अनुसार उक्त लागुऔषध रहेको सामान निजलाई निजको सानै देखिको साथी 'ओसो कबिर' भन्ने प्रभाकर खनालले receive गर्न लगाएका थिए।

थाईल्याण्डबाट तस्करी हुंदै अष्ट्रेलिया पुगेको उक्त लागुऔषध मेथएम्फेटामीन (Methamphetamine) सहितको सामान हाल पक्राउमा परेका प्रदिप कुमार अधिकारीको निर्देशनमा 'ओसो कबिर' भन्ने प्रभाकर खनालले निज युनिसलाई अष्ट्रेलियामा receive गर्न लगाएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ। निज प्रभाकर बिगत केही महिना देखि भारतमा लुकीछिपी बस्दै आएका थिए।

निजहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम मुद्दा दर्ता भई अनुसन्धान भईरहेको छ।

यस अघि पनि ला.औ.नि ब्यूरोले चीनबाट अष्ट्रेलियामा लागुऔषध मेथएम्फेटामीन (Methamphetamine) पठाउने गिरोहको नेपालमा रहेका अभियुक्तहरू जि.धादिङ, त्रिपुरेश्वर गा.बि.स. वडा नं.३, खहरे स्थायी ठेगाना भएका बिक्रम लामिछाने र जिल्ला नुवाकोट, दाङसिङ गा.बि.स. वडा नं. ५ घर हुने होम बहादुर तामाङलाई क्रमश मिति २०७२/१२/०७ र २०७२/१२/०८ गते पक्राउ गरी अनुसन्धान गरेकोमा हाल निजहरु पुर्पक्षको क्रममा केन्द्रीय कारागारमा थुनामा रहेका छन् ।

• • •